पोखरा लेखनाथ महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : १ पोखरा खण्ड : २ २०७५ जेठ ५ गते

भाग २ अंक १

पोखरा लेखनाथ महानगरपालिकाको

## विधायन समिति नियामावली – २०७४

### १. प्रस्तावना

पोखरा लेखनाथ महानगरपालिकाको आयोजनामा विभिन्न समयमा संचालन हुने नगरसभा र सो सभामा प्रस्तुत गरिने विधयेक हरुलाई व्यवस्थित र मर्यादित रुपमा पेश गर्ने र पारित गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन - २०७४ को दफा २२ को अधिकार गरि यो नियामावली बनाइएको छ ।

## २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "नियमावली" भन्नाले महानगरपालिकाको विधायन नियमावली(२०७४ लाई सम्झनु पर्दछ ।

(ख) "सदस्य" भन्नाले पोखरा लेखनाथ महानगरपालिकाको प्रमुख, उप प्रमुख , वडा अध्यक्ष , कार्यपालिका सदस्य र सबै वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले विधायन समितिको बैठकको अध्यक्षता गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(घ) "महानगरपालिका" भन्नाले पोखरा लेखनाथ महानगरपालिका लाई सम्झनु पर्दछ ।

(ङ) "नगर सभा" भन्नाले पोखरा लेखनाथ महानगरपालिकाको नगर सभा लाई सम्झनु पर्दछ । यसले विशेष नगर सभा समेतलाई जनाउनेछ ।

(च) "विधेयक" भन्नाले पोखरा लेखनाथ महानगरपालिकाको नगर सभामा पेश गर्न तयार भएको ऐन (कानुनको मस्यौदालाई सम्झनु पर्दछ ।

(छ) "विधायन समिति" भन्नाले पोखरा लेखनाथ महानगरपालिकाको दफा २२ वमोजीम गठित समितिलाई सम्झनु पर्दछ,

## ३. समितिको गठनः

स्थानीय सरकार संचालन ऐन - २०७४ को दफा २२ बमोजिम यस

महानगरपालिकाको नगरसभा प्रस्तुत गरिने ऐन , नियम , विनियम, नियामावली , निर्देशिका , कार्यविधी र नीति तर्जुमा सम्बन्धि सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न समितिको गठन सम्बन्धी व्यवस्था गरेको छ । विधायन समितिमा नगरसभाका सदस्यहरु मध्ये १ जना संयोजक सहित ४ जना सदस्य रहने र समितिको सचिव पोखरा लेखनाथ महानगरपालिकाको कानुन महाशाखाको प्रमुख रहने व्यवस्था गरीएको छ । तर नगर सभाले चाहेमा विधायन समितिका सदस्यहरु परिवर्तन गर्न सक्नेछ ।

## ४. समितिका काम, कर्तव्य र अधिकार

क. यस पोखरा लेखनाथ महानगरपालिकाको नगर सभा समक्ष पेश हुनका लागि विभिन्न समिति , उपसमिति मा छलफल गरी यस विधायन समितिमा पेश हुन् आएका मसौदाहरुलाई दफावार रूपमा छलफल गरी महानगरपालिकाको कार्यपालिकामा र समक्ष पेश गर्न अन्तिम रुप दिने ।

ख. यस विधायन समितिलाई आवश्यक भएमा राय, परामर्श दिन सम्बन्धित विषय विज्ञसंग परामर्श गर्ने ।

ग. मस्यौदा तयारीका लागि आवश्यकता अनुसार उप समिति गठन गर्ने ।

## ५. समितिको बैठक :

क. समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ, आवश्यक परेको समयमा आवश्यकता अनुसार बैठक बस्नेछ ,

ख. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको

अनुपस्थितिमा बैठकमा उपस्थित जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

ग. समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाइने छ,

## ६. समितिको कार्यकाल :

यस समितिको कार्यकाल वर्तमान नगरसभाको सदस्यका कार्यकाल कायम ररहेको अवधिसम्म कायम रहनेछ ।

## ७. गणपुरक संख्या :

समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको ५१५ रहेको छ ।

## ८. विधयक पेश गर्ने

विधायन समितिमा छलफलको लागि प्राप्त भएका विधेयकहरु विधायन समितिमा दफावार रूपमा छलफल गरी महानगरको कार्यपालिका बैठकमा पेश गर्नेछन् ।

## ९. बाधा अड्काउ फुकाउने अधिकार :

यस नियामावलीको कार्यन्वयनमा कुनै बाधा अड्काउ पर्न आएमा सो को बाधा अडकाउ फुकाउने अधिकार महानगरपालिकाको कार्यपालिकालाई हुनेछ,

## १०. परिमार्जन तथा संशोधन :

यो नियमावलीमा परिमार्जन एवं संशोधन गर्नुपर्ने भएमा यस विधायन

समितिले परिमार्जन एवं संशोधन को प्रारूप तयार गरी सो पछी संचालन हुने नगर सभामा पेश गर्ने छ र नगर सभाले पारीत गरेपछी परिमार्जन एवं संशोधन पारीत भएको मानिने छ ।

**प्रमाणीकरण मितिः २०७४।११।२८**

**राजपत्रमा प्रकाशित मितिः २०७५।०२।०७**

आज्ञाले,<br>
दीर्घनारायण पौडेल<br>
प्रमुख प्रशासकीय अधिकृत